# इटहरी उप-महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

इटहरी, सुनसरी
१ नं.प्रदेश, नेपाल

☎ ८००४६
८०५०९
८१७०६


प.स
च.नं.

मितिः-२०७८।०२।१४

विषय: शिलबन्दी दरभाउपत्र आब्हानको सूचना ! !!

प्रथम पटक प्रकाशित मिति: २०७८।०२।१५

यस इटहरी उपमहानगरपालिकाको लागि तपसिल बमोजिमको फोलिक एसिड खरीद गर्नु पर्ने भएको हुँदा इच्छुक संघसंस्था तथा व्यवसायीबाट यो सूचनाको अधिनमा रही प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र शिलबन्दी दरभाउ पत्र पेश गर्न आव्हान गरिएको छ । विस्तृत विवरण सहितको सूचना यस कार्यालयको वेभसाईड www.itaharimun.gov.np मा गई डाउनलोड गरी हेर्न सकिने छ । अन्य कुरा बुझ्न नगरपालिकाको जिन्सि शाखामा सम्पर्क गरी बुझ्न सकिने छ ।

शर्तहरू :

१. प्रति बोलपत्र फारम रू.१०००। (एक हजार) फिर्ता नहुने गरी तिरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म कार्यालय समय भित्र यस कार्यालयको जिन्सी शाखाबाट खरिद गर्न सकिनेछ । दरभाउ पत्र फारम खरिद गर्दा निवेदन साथ अध्यावधिक नविकरण भएको फर्मको इजाजत पत्र, मु.अ.कर दर्ता प्रमाण पत्र, आ.ब. २०७६।०७७ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी संलग्न राख्नु पर्ने छ।

२. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समय भित्र खरीद गर्ने र १६ औं दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गरि सक्नुपर्नेछ । दर्ता हुन आएका सिलबन्दी दरभाउ पत्र सोही दिन ठीक २:०० बजे यसै कार्यालयमा विभिन्न कार्यालयका प्रतिनिधि र दरभाउपत्र दाता वा निजको प्रतिनिधीहरूको रोहवरमा खोलिनेछ । सो समयमा दरभाउ पत्र दाता वा निजहरूको प्रतिनिधीहरूको उपस्थिति नभए पनि सिलबन्दी दरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।

३. शिलबन्दी दरभाउपत्र पेश गर्दा तपसिलको रकम धरौटी बापत इटहरी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयको नाममा ने.बै.लि. इटहरीमा रहेको धरौटी खाता चल्ती हिसाब नं. ग–३/०५९०३००००३०००००००१ मा जम्मा गरि सो को सक्कलै भौचर वा मान्यता प्राप्त बैंकको ७५ दिन म्याद भएको विडवण्ड सक्कलै शिलबन्दी दरभाउपत्र साथ संलग्न गर्नु पर्ने छ ।

४. शिलबन्दी दरभाउपत्र दाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नभएको भनी लिखित रूपमा गरेको स्वघोषणा दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

५. दरभाउपत्र पेश गर्दा शिलबन्दी खाम बाहिर कार्यालयको नाम, कार्यको विवरण र दरभाउपत्र दाता फर्मको नाम, ठेगाना र कुन विषयको दरभाउ पत्र पेस गरेको हो स्पष्ट रूपले उल्लेख गरेको हुनुपर्ने छ ।

६. प्राप्त दरभउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आम्सीक स्वीकृत गर्ने, घटी वा बढी अंक वालालाई दिने वा नदिने सो सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

७. दरभाउपत्र शर्त रहित, केरमेट नभएको, कार्यालयले उपलब्ध गराएको फारममा नै भरिएको, कुनै थपघट वा द्रष्टव्य नलेखेको हुनुपर्नेछ ।

८. समयमा प्राप्त नभएको, रीत नपुगेको, सूचनाको शर्त बिपरीत भएको दरभाउपत्र माथि कुनै कारवाही हुनेछैन ।

९. दरभाउपत्र खरिद वा दर्ता गर्ने फर्महरूले कामको सम्बन्धमा राम्रोसंग बुझी दरभाउपत्र भरेको मानिनेछ ।

१०. दरभाउपत्र भर्दा दररेट केरमेट नगरी प्रष्ट रूपमा अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्ने छ । अंक र अक्षरमा उल्लेख भएको दररेटमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ ।

११. दरभाउपत्र खरिद गर्ने वा बुझाउने अन्तिम दिन बिदा पर्न गएमा सो को भोली पल्ट सो कार्यहरू हुनेछ ।

१२. दरभाउपत्र मा दररेट उल्लेख गर्दा मु.अ.क. बाहेकको मुल्य उल्लेख गर्नु पर्नेछ ।

१३. दरभाउपत्र दाताले नक्कली कागजात पेश गरेको पाइएमा निज दरभाउपत्र दाताको दरभाउपत्र रद्द गरी कालोसूचीमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिनेछ । साथै निजको जमानत समेत जफत हुनेछ ।

१४. नियमानुसार कर दस्तुर आदि दरभाउपत्र पेश गर्ने फर्मले स्वयं वेहोर्नु पर्ने छ ।

१५. एक फर्मको नाममा खरिद भएको दरभाउपत्र फारम अर्को फर्मको नाममा दाखिला गर्न पाईने छैन।

१६. शिलबन्दी दरभाउपत्र स्वीकृत पश्चात यस कार्यालयबाट माग भएको १५ दिन भित्र उल्लेखित सामाग्री उपलब्ध गराउनु पर्नेछ।

१७. सिलबन्धी दरभाउपत्र सम्बन्धी कुनै कुरा बुझ्नु परेमा कार्यालय समय भित्र यस कार्यालयको जिन्सी शाखामा सम्पर्क राखी बुझ्न सकिने छ ।

१८. यस सूचनामा लेखिएका कुरा यसै बमोजिम र अन्य कुराका हकमा सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र प्रचलित कानुन अनुसार हुने छ ।

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | दरभाउपत्र खरीद गर्ने मिति र समय | दरभाउपत्र दर्ता गर्ने मिति र समय | दरभाउपत्र खुल्ने मिति र समय | दरभाउपत्र दस्तुर | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| २ | जिन्सी /०७७/०७८ | फोलिक एसिड (५ एम जी) | २०७८।०२।२९ गते कार्यालय समय भित्र | २०७८।०२।३० गते दिनको १२.०० बजेसम्म | २०७८।२।३० गते दिनको २ बजे पछी | रु.१,०००। | रू.३९,५००। | |

## इटहरी उपमहानगरपालिकालाई आ.ब.२०७७।०७८ का लागि आवश्यक फालिक एसिड चक्कीको स्पेशिफिकेसन

१. फोलिक एसिड (५ एमजी) चक्की स्ट्रिप फर्ममा हुनु पर्नेछ ।

२. **WHO\GMT** सर्टिफाइड हुन पर्नेछ ।

३. उपयुक्त लेवलिङ्ग तथा प्याकेजिङ्ग भएको हुनु पर्नेछ ।

४.औषधीको एक्सपायरी अवधी कार्यालयमा प्राप्त भएको मितिले कम्तिमा १८ महिना बाँकी रहेको हुन पर्नेछ।

सूर्यप्रसाद सुवेदी
प्रमुख प्रशासकिय अधिकृत